# स्थानीय राजपत्र

**पाख्रीबास नगरपालिका द्वारा प्रकाशित**

**वर्ष- ४, सङ्ख्या-२१**

**भाग-१**


## पाखीबास नगर शिक्षा नियमावली, २०७७ (दोस्रो संशोधन), २०७८

**कार्यपालिकाबाट पारित मिति :- २०७८/१०/१६**
**प्रमाणीकरण मिति :- २०७८/१०/१६**

**पाखीबास नगर शिक्षा नियमावली २०७७, (दोस्रो संशोधन), २०७८**

पाखीबास नगर शिक्षा नियमावली २०७७ लाई संसोधन गर्न वाञ्छनिय भएकाले पाखीबास नगर कार्यपालिकाबाट स्वीकृत गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो नियमावलीको नाम पाखीबास नगर शिक्षा नियमावली, २०७७ ( दोस्रो संसोधन) २०७८ रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

२. पाखीबास नगर शिक्षा नियमावली, २०७७ को नियम २८ मा संशोधन: पाखीबास नगर शिक्षा नियमावली २०७७(यस पछि मूल नियमावली भनिएको)को नियम २८ मा देहायको उपनियम थप गरिएको छ ।

“२८” (छ) आधारभूत (१-५) विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि सामान्य लेखपढ गर्न नजान्ने, आधारभूत (१-८) विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा कक्षा आधारभूत तह उत्तीर्ण नगरेको र माध्यमिक विद्यालय (९-१०) को व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा एस.ई.ई. वा सो सरहको परीक्षा उत्तीर्ण नगरेको,

माध्यमिक विद्यालय (९-१२) को व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा १२ कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण नगरेको ।

तर आधारभूत विद्यालय र माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनकोलागि त्यस्तो शैक्षिक योग्यता भएको व्यक्ति नभएमा सो भन्दा कम शैक्षिक योग्यता भएको व्यक्ति पनि अध्यक्ष हुन सक्नेछ ।

३. पाख्रीबास नगर शिक्षा नियमावली, २०७७ को नियम ५२ मा संशोधनः पाख्रीबास नगर शिक्षा नियमावली २०७७ (यस पछि मूल नियमावली भनिएको)को नियम ५२ को सट्टा देहायको नियम राखिएको छ :

"५२" शिक्षक छनौट समिति ।

४. मूल नियमावलीको नियम ५२ को उपनियम (१), (२), (३ ),(४), (५), (६), (७) को सट्टा देहायका उपनियम राखिएको छ :

(१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न, समुदायद्वारा सञ्चालित विद्यालयमा सामुदायिक शिक्षक, अन्य शिक्षक तथा प्रधानाध्यापकको नियुक्ति र त्यसरी नियुक्ति भएका शिक्षकको वढुवाको लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ :-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

(ख) नगर शिक्षा अधिकारी वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत - सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भए शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरूमध्येबाट उपलब्ध भएसम्म एकजना महिला समेतको प्रतिनिधित्व हुने गरी व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना - सदस्य

(घ) प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिम प्रधानाध्यापकको नियुक्तिको लागि सिफारिस गर्न बसेको शिक्षक छनौट समितिको बैठकमा सो विद्यालयको प्रधानाध्यापकमा उम्मेदवार नभएको उपलब्ध वरिष्ठतम शिक्षकले सदस्य-सचिव भई कार्य गर्नेछ ।

(३) उपनियम (१) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(५) आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

(६) उपनियम (१) को खण्ड (ग) को प्रयोजनको लागि नगरपालिकाले विशेषज्ञको सूची अद्यावधिक गरी राख्नु पर्नेछ ।

(७) शिक्षक छनौट समितिले शिक्षक सिफारिसका लागि लिइने परीक्षाको केन्द्र नगरपालिकाले तोकेको स्थानमा राख्नुपर्नेछ ।

(८) शिक्षक छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. पाख्रीबास नगर शिक्षा नियमावली, २०७७ को नियम ५३ मा संशोधनः पाख्रीबास नगर शिक्षा नियमावली २०७७(यस पछि मूल नियमावली भनिएको)को नियम ५३ को सट्टा देहायको नियम राखिएको छ :

"५३" करार शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था ।

६. मूल नियमावलीको नियम ५२ को उपनियम (१), (२), (३), (४), (५) र (६) को सट्टा देहायका उपनियम राखिएको छ :

(१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले शिक्षा विकास तथा समन्वय इकाइ वा नगरपालिकामार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिका लागि प्रकाशित भएको सूची प्राप्त गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त सूचीमा रहेका उम्मेदवारहरूमध्येबाट व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारको शिक्षक पदमा नियुक्त हुन निवेदन नपरेमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(४) उपनियम (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा विकास तथा समन्वय इकाइ र नगरपालिकाबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर मात्र नियुक्ति गर्नु पर्नेछ र माध्यमिक तथा निम्न माध्यमिक तहमा विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) उपनियम (३) बमोजिम शिक्षक नियुक्तिको लागि गरिएको विज्ञापनको सूचना सम्बन्धित विद्यालय र नगरपालिकामा टाँस्नु पर्नेछ ।

(६) उपनियम (३) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र, स्थायी अध्यापन अनुमती पत्र र निरोगिताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

(७) विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक नियुक्त गरेको जानकारी नगरपालिका र शिक्षा विकास तथा समन्वय इकाइलाई दिनु पर्नेछ ।

(८) उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा स्थायी पद पूर्ति नभएमा व्यवस्थापन समितिले यसरी स्थायी पद पूर्ति नभएसम्मका लागि एक पटकमा छ महिनामा नबढाई करारको म्याद थप गर्न सक्नेछ ।

(९) उपनियम (८) बमोजिम म्याद थपिएको जानकारी नगरपालिका र शिक्षा विकास तथा समन्वय इकाइमा दिनु पर्नेछ ।

(१०) यस नियम बमोजिमको प्रक्रिया नपुऱ्याई शिक्षक नियुक्ति गरिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो नियुक्ति बदर गर्नु पर्नेछ ।

**आज्ञाले**

डिकबहादुर राई
प्रमुख प्रशासकीय अधिकृत
उप-सचिव